Article DOI Link: https://doi.org/10.3126/shss.v1i2.87658

Spectrum of Humanities and Social Sciences (SHSS)
A Multidisciplinary Bilingual Journal
ISSN 3059-9849; Volume 1, Issue 2, December 2025, pp.178-190
Indexed in Nepal Journals Online (NepJOL)
Research Article

Open access article

विद्यालयबाट प्रकाशित सूचनामा प्रयुक्त वर्णविन्यासगत त्रुटि

[Orthographic Errors in Schools' Published Notice]

हरिजङ्ग शाह[१] नवीन भट्टराई[२], शारदा पाण्डे[२] (Hari Jung Shah, Nabin Bhattarai, Sharada Pande)

[१]मध्यपश्चिम विश्वविद्याल, सुर्खेत (Mid-West University, Surkhet)
[२]नेपाल पुलिस स्कुल, सुर्खेत (Nepal Police School, Surkhet)

लेखसार

प्रस्तुत लेख विद्यालयबाट प्रकाशित सूचनामा भएका वर्णविन्यासगत अध्ययनमा केन्द्रित रहेको छ। गुणात्मक ढाँचा रहेको यस अध्ययनमा वीरेन्द्रनगर सुर्खेतका विद्यालयबाट प्रकाशित सूचनालाई जनसङ्ख्याका रूपमा लिइएको छ। वीरेन्द्रनगरका छवटा विद्यालयका मिति २०८१ र २०८२ मा प्रकाशित सूचना जनसङ्ख्याका रूपमा रहेकोमा सुविधाजनक नमुना छनोट विधिका माध्यमबाट प्रत्यक विद्यालयबाट प्रकाशित चार चारवटा गरी २४ वटा सूचनालाई नमुनाका रूपमा लिइएको छ। उक्त विद्यालयबाट प्रकाशित सूचनाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा क्रमशः दीर्घसम्बन्धी प्रयोगमा ३८.७५ प्रतिशत, पदयोगमा २३.९८ प्रतिशत, ह्रस्वसम्बन्धी प्रयोगमा ११.११ प्रतिशत, पदवियोगसम्बन्धी ९.२२ प्रतिशत, ब र व सम्बन्धी ७.७८ प्रतिशत, पञ्चम वर्णको प्रयोगसम्बन्धी ६.२७ प्रतिशत, श, ष, स सम्बन्धी १.८२ प्रतिशत र शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोगमा १.११ प्रतिशत शब्दमा रहेको छ। सूचना तयार पार्ने व्यक्ति तथा संलग्न कर्मचारीले भाषिक ज्ञान लिनु आवश्यक देखिन्छ। नेपाली विषयका शिक्षक भए तापनि भाषा सम्पादन नगर्नु, भाषिक ज्ञानमा कमजोरी हुनु, आफ्नो पढाइको विषय नेपाली नहुनु, काम छिटै सक्नुपर्ने मानसिकता बनाउनु वा सक्नु, वर्णविन्यासगत नियमलाई ख्याल नगर्नु, भइहाल्छ नि भन्ने मानसिकताबाट सामग्री निर्माण गर्नुका कारण भाषिक त्रुटि हुने गर्दछ। शुद्ध र मानक नेपाली भाषाको सुनिश्चितताका लागि सार्वजनिक सूचनाको प्रकाशनसँगै शब्दकोश, व्याकरण तथा शैलीसम्बन्धी मार्गदर्शकहरूको प्रयोग अपरिहार्य छ। साथै भाषिक एकरूपता र सुधारका लागि तालिम, सेमिनार तथा प्रशिक्षण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नु आवश्यक रहेको निष्कर्ष लेखमार्फत प्रस्तुत गरिएको छ।

प्रमुख शब्दावली : सूचना, यादृच्छिक, वर्णविन्यास, त्रुटि, निराकरण

Article Info.

Article History
Received: 5 August 2025
Revised: 5 October 2025
Accepted: 20 November 2025

Corresponding Author
Hari Jung Shah
:shahhari2038@gmail.com

Copyright Information
Copyright 2025 © The author(s). This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

Publisher
Graduate School of Humanities and Social Sciences
Mid-West University
Birendranagar, Surkhet
https://muodgshss.edu.np

Abstract: This quantitative study focuses on the orthographic studies of the 24 published notices of six schools in Birendranagar in one year, 2081-2082 BS. as the sample population using a convenient sampling method. Upon analyzing the data obtained from the notices published by the schools, the following results were found: usage of long vowels at 38.75%, post-position usage at 23.98%, consonant-related usage at 11.11%, word division-related usage at 9.22%, usage related to the letters ब and व at 7.78%, usage of the fifth vowel at 6.27%, and usage of श, ष, स at 1.82%, while the usage of the head and nasal signs (shirobindu and chandrabindu) accounted for 1.11%. The analysis suggests that it is essential for the individuals preparing the notices and the staff involved to possess linguistic knowledge. Despite being teachers of Nepali, the lack of language editing, weaknesses in linguistic knowledge, and a mindset of completing tasks quickly or without following orthographic rules can lead to linguistic errors. To ensure the accuracy and standardization of Nepali language, it is crucial to use dictionaries, grammar, and style guides alongside the publication of public notices. Moreover, regular training, seminars, and workshops are recommended to maintain linguistic consistency and improvement, as concluded in the article.
Keywords: Arbitrary, Notice, Orthography, Error, Resolution

अध्ययनको पृष्ठभूमि

विचारको प्रकटीकरण भाषाको माध्यमबाट सम्भव भएको हो । यही भाषा सही र स्पस्ट भएन भने अर्थमा समस्या आउन सक्छ । त्यसकारण भाषाको प्रयोग शुद्ध र मानकीकरण हुनुपर्दछ । नेपाली भाषाका वर्णविन्यासमा देखा परेका समस्या तथा विवाद अझै पनि समाधान हुन सकेका छैनन् । वर्ण र वर्णहरूको रखाइ क्रमलाई वर्णविन्यास भनिन्छ (आचार्य, २०७४, पृ. १४) । वर्णहरूको व्यवस्थित विन्यास वा वर्णहरूको उपयुक्त रखाइ वा नियमबमोजिमको लेखनलाई वर्णविन्यास भनिन्छ (लुइटेल, २०७५, पृ. १५) । नेपाली भाषाको क्षमता विस्तार र मानकीकरणका लागि व्याकरण लेखनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । भाषिक एकाइका हिज्जे, शब्दवर्ग, स्रोत अर्थ आदि सूचना दिएर शब्दकोशले भाषाको मानकीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । भाषाको स्तरीकरणका निमित्त पत्रपत्रिकाको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । भाषाको मानकीकरणका प्रक्रियामा वर्णविन्यासमा सुधार, शब्दकोशको सम्पादन, व्याकरण लेखन, प्रचारप्रसार, स्वीकरण जस्ता कुरा पर्दछन् । नेपाली भाषाको मानकीकरणका लागि व्याकरण, शब्दकोश र पत्रपत्रिकाको भूमिका उल्लेखनीय रहेको पाइन्छ । नेपाली भाषाको व्याकरण, शब्दकोश र पत्रपत्रिकाको कारणले नेपाली भाषाले संवैधानिक मान्यता पाएको हो । विद्यालयबाट प्रकाशित चिठी तथा सूचनामा भाषिक शुद्धता र मानक नेपाली भाषाको प्रयोगमा एकरूपता भएको पाइँदैन । व्याकरण, शब्दकोश, शैली पुस्तिका जस्ता आधिकारिक नेपाली भाषाका मानकीकरणका सामग्री हुँदाहुँदै पनि छुट्टाछुट्टै प्रयोग तथा व्यवस्था गरी भाषिक त्रुटि गरिएको पाइन्छ ।

भाषा कथ्य तथा लेख्य प्रकृतिको हुन्छ । भाषाको कथ्य रूप अधिक परिवर्तनशील हुन्छ भने लेख्य रूप न्यून परिवर्तनशील हुन्छ । भाषाको लेख्य रूपसँग सम्बद्ध मूल पक्ष वर्णविन्यास हो (लुइटेल, २०७५, पृ. ९) । मानवीय विचार विनिमयको सर्वोत्तम माध्यम भाषा हो । भाषा मानिसको उच्चारण अवयवबाट उच्चारित वाक्प्रतीकको यादृच्छिक व्यवस्था हो (लामिछाने, २०६९, पृ. २) । भाषामा प्रयोग हुने वाक्प्रतीकहरू स्वतन्त्र हुन्छन् । प्रत्येक भाषा आफैमा व्यवस्थित हुने भएकाले एउटै विचारलाई अभिव्यक्ति गर्दा भिन्न–भिन्न वाक्प्रतीकको प्रयोग गरिरहेका हुन्छन् । भाषा जन्मजात प्राप्त हुने वस्तु नभई आर्जित हुने गर्दछ । प्रत्येक भाषामा आफ्नै खाले शब्द भण्डारहरू, अर्थव्यवस्था र व्याकरणिक व्यवस्था हुन्छ । भाषामा सामाजिक स्वीकृत हुने भएकाले यसलाई यादृच्छिक वाक्प्रतीक भनिएको हो । वक्ताले व्यक्त गरेका कुराहरू हावामा सञ्चारण भइ मानव मस्तिष्कमा पुगेपछि बिम्ब निर्माण भइ बोध हुन्छ (ढकाल, २०६८, पृ. ६४) । मानिसले आफ्ना अभिव्यक्ति भाषाकै माध्यमबाट गर्दछ । अर्थात भाषाका माध्यमबाट मानिसले आफ्ना जीवनका हरेक क्रियाकलाप सञ्चालनमा मद्दत पुऱ्याउँछ ।

साधारण भाषामा त्रुटि भनेको गल्ती हो । मानिसले आफ्ना हरेक क्रियाकलाप गर्दा त्रुटि गरेको हुन्छ । भाषा सिकाइका क्रममा देखापर्ने विभिन्न गल्ती र त्रुटिहरूको अध्ययन गर्ने प्रक्रिया नै त्रुटि विश्लेषण हो । मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धतिका रूपमा त्रुटि विश्लेषण रहेको छ । त्रुटि विश्लेषण भाषा सिकाइका क्रममा हुने विभिन्न त्रुटिहरू पहिल्याई तिनको निराकरण गरी भाषाको शिष्ट वा मानक रूपको प्रयोगमा आवश्यक पद्धतिको रूपमा विकसित भइसकेको छ (पौडेल, २०७४, पृ. ६४) । त्रुटि विश्लेषणले भाषा शिक्षण गर्दा सिकाइमा रहेका कठिनाइ र त्रुटि क्षेत्र पहिल्याई भाषा शिक्षणको स्वाभाविक प्रक्रियाको पहिचानमा महत्त्वपूर्ण पक्षका रूपमा आफूलाई विकसित गरिसकेको छ ।

वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित हुन्छ। वर्णहरूको समुचित प्रयोग नै वर्णविन्यास हो। वर्णविन्यासको जथाभावी प्रयोगले अर्थको अनर्थ हुन्छ भने अर्कातिर भाषिक सम्प्रेषणमा समस्या उत्पन्न हुन्छ। भाषा र लिपि राष्ट्रियता र सांस्कृतिक पहिचानका आधार हुन् (शर्मा र पौडेल, २०६८, पृ. १६०)। नेपाली भाषामा पनि भाषिक अशुद्धिका विषयमा प्रश्न उठ्ने गरेका छन्। यी त्रुटिहरूले भाषिक अर्थगत त्रुटिका साथै सिकाइमा समेत असर गरेको हुन्छ। त्यसैले यी विविध समस्याहरूका कारण सार्वजनिक सूचनामा प्रयोग भएका भाषिक त्रुटिलाई अध्ययन विश्लेषण गरी भाषा सिकाइमा पारेको प्रभावको खोजी गरी समाधानका उपायहरू पत्ता लगाउनु आवश्यक देखिएकोले सार्वजनिक सूचनामा प्रयोग गरिने भाषाको त्रुटिविश्लेषण र त्यसको शैक्षणिक उपयोगितलालाई अनुसन्धानको विषय बनाइएको छ।

अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य विद्यालयबाट प्रकाशित सूचनामा भएका भाषिक त्रुटिको पहिचान गर्नु र उक्त सूचनामा भाषिक त्रुटि हुने कारणको खोजी गरी निराकरणका उपाय प्रस्तुत गर्नु रहेको छ।

पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययन भाषिक त्रुटिसँग सम्बन्धित रहेको छ। यस अध्ययनमा विद्यालयबाट प्रकाशित सूचनामा भएका वर्णविन्यासगत त्रुटिलाई विषयवस्तु बनाइएको छ। वर्णविन्यासगत त्रुटिसम्बन्धी अध्ययन गर्ने क्रममा विष्ट (सन् २०२४) ले सरकारी निकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटि र त्यसको शैक्षणिक उपादेयतामा अध्ययन गरिएको छ। सार्वजनिक सूचनामा नेपाली भाषा प्रयोगको अवस्था, सरकारी नकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटिहरू, भाषिक त्रुटिहरूलाई सुधार गर्नका लागि अवलम्बन गर्न सकिने उपाय र सुझावहरू प्रस्तुत गर्न र भाषिक त्रुटिहरूको शैक्षणिक उपादेयताको प्रभावलाई समस्याका रूपमा लिई लेख तयार गरिएको छ। यस अध्ययनमा सरकारी सूचनामा सार्वजनिक सूचना शुद्ध र मानक नेपाली भाषाको प्रयोगका दृष्टान्तका रूपमा हुनुपर्नेमा त्यसो हुन सकेका छैनन् । जसका कारण शैक्षणिक गतिविधिका दृष्टिमा सिकाइको सामान्यीकरण हुने डर रहेको निष्कर्ष निकालिएको छ। यस सम्बन्धमा नेपाल (२०७८) को स्नातक तहका विद्यार्थीहरूले लिखित अभिव्यक्तिमा देखिने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययनमा विद्यार्थीले मौखिक उच्चारण र लिखित विन्यासमा भिन्नता हुने ठाउँमा बढी गल्ती गरेको पाइन्छ। शुद्ध वर्णविन्यास पत्ता लगाउनका निम्ति शब्द शुद्ध लेख्ने बानीको विकास गराउने, शब्दकोश हेर्ने र पढ्न लगाउने, नेपाली भाषा सम्बन्धीका पुस्तक पढ्ने बानीको विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ। यसै सम्बन्धमा अर्याल (२०७९) ले वर्णविन्यासगत त्रुटि, कारण र समाधानसम्बन्धी अध्ययन गरेका छन्। यस अध्ययनमा विद्यालय प्रशासनलाई योग्य र दक्ष तथा अनुभवी शिक्षकलाई प्रथमिकता दिनुपर्दछ। विषय शिक्षकलाई तालिममा पठाउने वा बेलाबेलामा विषयविज्ञलाई बोलाएर पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ।

यसै सम्बन्धमा शेर्पा (सन् २०२४) ले शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिको विश्लेषण सम्बन्धी अध्ययन गरेका छन्। विद्यार्थीले नेपाली भाषाको वाक्य सङ्गतिमा समेत त्रुटि गरेको छ। शेर्पा भाषी विद्यार्थीले मातृभाषाको प्रभाव र बानीले गर्दा लक्ष्य भाषाको रूपमा नेपाली सिक्दा नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरका वाक्य सङ्गतिमा त्रुटि गरेको पाइएको छ। यसै सम्बन्धमा पौडेल (२०७६) ले शुद्ध नेपाली लेख्ने आधिकारिक नियमसम्बन्धी अध्ययन गरेका छन्। यसमा मानक प्रयोगलाई कुनै व्यक्ति प्रयोक्ताले आफ्ना लेखनमा उपेक्षा गर्न पनि सक्ला तर शैक्षिक संस्था, सरकारी सञ्चार माध्यमहरू, सरकारी निकायहरू तथा यसका प्रयोक्ताहरूले पालना गर्नै पर्दछ। हाम्रा आधिकारिक निकाय भनेका नेपाल प्रज्ञा–प्रतिष्ठान, विश्वविद्यालय र पाठ्यक्रम विकास केन्द्रहरू नै हुन्। यिनले प्रयोगमा ल्याएको मानक रूप नै आधिकारिक रूप हो भन्ने धारणा प्रस्तुत गरिएको छ। नेपाल प्रज्ञा प्रतिष्ठान प्रज्ञा परिषद्को मिति २०७३/७/३० गते बसेको बैठकबाट पारित भएको निर्णयले पनि भाषिक पक्षमा सुधार ल्याउन मद्दत पुऱ्याउँदछ। विश्विवद्यालयका सरोकारवाला विषयक समितिहरू, नेपाल सरकारअन्तर्गतका पाविके, साझा प्रकाशनलगायत नेपाली भाषामा लेखिएका सामग्रीहरू प्रकाशनमा संलग्न संस्थाहरू, सञ्चार गृहहरूका भाषा हेर्ने प्रतिनिधिहरू आदिको संलग्नतामा नेपाल सरकारसमेतको सहयोग लिई बृहत विमर्श गराइ मानक निष्कर्षमा पुग्ने रहेको छ। यसरी वर्णविन्यास सम्बन्धमा भएका पूर्वअध्ययनहरू यसको प्रभावकारिता, वैधता र विश्वस्नीयतासँग सम्बन्धित देखिन्छन्। यसरी विद्यालयबाट प्रकाशित हुने सूचनाहरूले सरोकारवाला पक्षसँग प्रत्यक्ष सम्बन्ध राख्दछ। यस्ता सूचनाहरू शुद्ध भाषामा प्रकाशन हुन अति आवश्यक छ। यद्यपि यस्ता सूचनामा भाषिक समस्या रहेकाले यसको अध्ययन विश्लेषण गरी आवश्यक सल्लाह सुझाव दिन यस अध्ययनको औचित्य रहेको छ।

अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा भाषिक त्रुटि पहिचानका लागि वीरेन्द्रनगरमा रहेका छवटा विद्यालयका सञ्चार माध्यमबाट प्रकाशित सूचनालाई प्राथमिक स्रोतका रूपमा तथ्याङ्क सङ्कलनका गरिएको छ। प्रस्तुत अध्ययनमा भाषिक त्रुटिलाई ह्रस्वदीर्घसम्बन्धी त्रुटि, ब र व सम्बन्धी त्रुटि, श, ष र स सम्बन्धी त्रुटि, पञ्चम वर्णसम्बन्धी त्रुटि र पदयोग तथा पदवियोगसम्बन्धी त्रुटिको अध्ययन गरी तथ्याङ्कको वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ। सूचनामा भाषिक त्रुटि हुने कारणको खोजी गरी निराकरणका उपायका लागि नेपाली भाषाका तीनजना विज्ञसँग अर्ध संरचनात्मक अन्तर्वार्ता लिइएका छ। जसको छनोटका लागि सामान्यसम्भावनायुक्त नमुना छनोट विधिको

उपयोग (भण्डारी र अन्य, २०७५, पृ. ४४) । गरिएको छ । यसमा खुला प्रश्नावलीलाई उपयोगमा ल्याइएको छ । गुणात्मक अनुसन्धानमा परिमाणात्मक अनुसन्धानमा जस्तो सङ्ख्यात्मक तथ्याङ्क प्राप्त नभई शाब्दिक तथ्याङ्क प्राप्त हुन्छ (खनाल, २०८२, पृ. २२६) । त्यसबाट प्राप्त तथ्याङ्कलाई उद्देश्यका आधारमा व्याख्या गरिएको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा मूलतः गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ भने अशंतः ती तथ्याङ्कलाई सङ्ख्यामा उल्लेख गरी प्रतिशतमा देखाउँदा परिमाणात्मक रहेको छ । यसरी हेर्दा यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको भएकाले अध्ययनको ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनमा वीरेन्द्रनगर सुर्खेतका विभिन्न विद्यालयबाट मिति २०८१ र २०८२ का विभिन्न समयमा प्रकाशित सूचनालाई जनसङ्ख्याका रूपमा लिइएको छ । जसमध्ये नमुना छनोट गर्दा निर्णायक/सुविधाजनक नमुना छनोट पद्धति अनाइएको छ । यस अध्ययनमा वीरेन्द्रनगरका विद्यालय १ का मिति २०८२/०१/२८, २०८१/११/१२, २०८२/०२/३१, र भर्ना खुल्यो २०८२ का सूचना तथा चिठीलाई नमुनाका रूपमा छनोट गरिएको छ । त्यसैगरी विद्यालय २का मिति २०८१/०४/२४, २०८१/०१/१० र २०८२ को भर्नासम्बन्धी सूचनालाई नमुनाका रूपमा छनोट गरिएको छ । विद्यालय ३ का मिति २०८२/०२/२७, २०८२/०३/१३, २०८१/१२/२९, २०८१/१२/२५ का चिठीलाई नमुनाका रूपमा छनोट गरिएको छ । विद्यालय ४ का बधाई, मिति २०८२/०३/३२, नयाँ विद्यार्थी भर्ना आवेदन २०८२ र २०८२/०१/०८ का चिठीलाई नमुनाका रूपमा छनोट गरिएको छ । विद्यालय ५ बाट प्रकाशित सूचनामध्ये मिति २०८१/०६/०९, २०८१/०८/१७, २०८१/१०/२० (निमन्त्रणा पत्र) र २०८१/१२/१४ का सूचनालाई नमुनाका रूपमा छनोट गरिएको छ । त्यसैगरी विद्यालय ६का मिति २०८२/०३/२६, २०८२ को कक्षा ११ भर्ना, २०८२/०४/०५ र २०८२/०३/१७ गतेका सूचनालाई नमुनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा मूलतः पुस्तकालयीय अध्ययन कार्य अपनाइएको छ । अध्ययनमा विभिन्न विद्यालयबाट प्रकाशित सूचनाबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा अन्तर्वार्ताका लागि छनोटमा परेका शिक्षकलाई साङ्केतिक रूपमा शिक्षक १, शिक्षक २ र शिक्षक ३ भनेर प्रस्तुत गरिएको छ । विद्यालयका नामलाई पनि साङ्केतिक रूपमा विद्यालय १, विद्यालय २, ... विद्यालय ६ भनी प्रस्तुत गरिएको छ । अध्ययनमा नेपाली भाषासँग सम्बन्धित त्रुटि विश्लेषणको सिद्धान्तलाई आधार मानी सूचनामा प्रयुक्त वर्णविन्यासगत त्रुटिको विश्लेषण गरिएको छ ।

तथ्याङ्क विश्लेषण

प्रस्तुत अध्ययनमा भाषिक त्रुटिलाई ह्रस्वदीर्घसम्बन्धी त्रुटि, ब र व सम्बन्धी त्रुटि, श, ष र स सम्बन्धी त्रुटि, चन्द्रबिन्दु र शिरबिन्दुसम्बन्धी त्रुटि पञ्चम वर्णसम्बन्धी त्रुटि र पदयोग तथा पदवियोग सम्बन्धी त्रुटिको अध्ययन गरी तथ्याङ्कको वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । यसका लागि प्राप्त तथ्यको वर्णन, त्यसको पुष्टिका लागि प्रकाशन शैली (२०७६), स्थानीय तहका लागि तयार पारिएको प्रशिक्षण सामग्रीका रूपमा रहेको नेपाली भाषा शुद्ध लेखन (२०७८), प्रज्ञा नेपाली बृहत शब्दकोश (२०७९), व्याकरणका पुस्तक, प्रायोगिक भाषाविज्ञानअन्तर्गत गरिने त्रुटि विश्लेषणको सैद्धान्तिक मान्यतामा रही अवलोकन, उदाहरण र प्रयोगबाट निष्कर्ष निकाली निगमन विधिबाट निष्कर्ष प्रस्तुत गरिएको छ ।

नतिजा विश्लेषण

प्रस्तुत अध्ययनको क्षेत्र सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका रहेको छ । यस क्षेत्रमा रहेका विद्यालयले विभिन्न माध्यमबाट सार्वजनिक रूपमा सूचना प्रकाशन गर्दा गर्ने भाषिक त्रुटिलाई अध्ययनको क्षेत्रभित्र समावेश गरिएको छ ।

ह्रस्वदीर्घसम्बन्धी त्रुटि

नेपाली भाषाको वर्णविन्यासमा इकार (इ–ई, ि– ी), उकार (उ–ऊ, ु – ू), (ऋ कृ, रु–रू) को उपयुक्त प्रयोगसम्बन्धी त्रुटि नै ह्रस्व–दीर्घसम्बन्धी त्रुटि हुन् । यस अध्ययनको नमुना छनोटमा परेका विद्यालयबाट प्रकाशित सूचना तथा चिठीमा रहेका ह्रस्वदीर्घसम्बन्धी त्रुटिको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका १: *ह्रस्वसम्बन्धी त्रुटि*

क्र. स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	भई, त्रुटी, मूख्य, कानून	भइ, त्रुटि, मुख्य, कानुन
२	विद्यालय २	स्कूल, भाईबहिनीहरुलाई, ई–लाईब्रेरी	स्कुल, भाइबहिनीहरूलाई, इलाइब्रेरी
३	विद्यालय ३	गराईन्छ, सिकाई, लिईने	गराइन्छ, सिकाइ, लिइने
४	विद्यालय ४	भई, संचालीत, सम्मीलित, पूरानै,	भइ, सञ्चालित, सम्मिलित, पुरानै,
५	विद्यालय ५	गईरहेकाले, इकाई, तपशील, आधिकारीक, भई, बालबिकासदेखी, गरीएको, तपसील,	गइरहेकाले, इकाइ, तपसिल, आधिकारिक, भइ, बालविकासदेखि, गरिएको, तपसिल,
६	विद्यालय ६	नमूना, भईसक्न, गराईन्छ, सुचित, भईसक्नुसामुदायीक, भाईबहिनीहरु	नमुना, सूचित, भइसक्नु, सामुदायिक, भाइबहिनीहरू

माथिको तालिका नं. १. मा विद्यालयबाट प्रकाशित सूचनामा ह्रस्वसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा श्री कृष्ण संस्कृत तथा साधारण मा. वि. इत्राम सुर्खेतबाट प्रकाशित चिठीमध्ये भई, त्रुटी, मूख्य, कानून जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप भइ, त्रुटि, मुख्य, कानुन हुन्छ। त्यसैगरी नमुना छनोटमा परेको अर्को विद्यालय २ मा स्कूल, भाईबहिनीहरुलाई, ई–लाईब्रेरी जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप कुल, भाइबहिनीहरूलाई, इ–लाइब्रेरी हुन्छ। त्यसैगरी विद्यालय ३का गराईन्छ, सिकाई, लिईने जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप गराइन्छ, सिकाइ, लिइने हुन्छ। त्यसैगरी विद्यालय ४बाट प्रकाशित सूचनामा भई, संचालीत, सम्मीलित, पूरानै जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप भइ, सञ्चालित, सम्मिलित, पुरानै हुन्छ। विद्यालय ५ बाट प्रकाशित सूचनामा गईरहेकाले, इकाई, तपशील, आधिकारीक, भई, बालबिकासदेखी, गरीएको, तपसील जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप गइरहेकाले, इकाइ, तपसिल, आधिकारिक, भइ, बालविकासदेखि, गरिएको, तपसिल हुन्छ। विद्यालय ६ बाट प्रकाशित पत्र तथा सूचनामा नमूना, भईसक्न, गराईन्छ, सुचित, भईसक्नु, सामुदायीक, भाईबहिनीहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप नमुना, भइसक्न, गराइन्छ, सूचित, भइसक्नु, सामुदायिक, भाइबहिनीहरू हुन्छ।

तालिका २: *दीर्घसम्बन्धी त्रुटि*

क्र. स.	विद्यालय को नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	विद्यार्थीहरु, व्यक्तिहरु, उत्तिर्ण, पुरा, सम्बन्धि, कागजातहरु, विद्यार्थीहरुलाइ, विषयहरु	विद्यार्थीहरू, व्यक्तिहरू, उत्तीर्ण, पूरा, सम्बन्धी, कागजातहरू, विद्यार्थीहरूलाई, विषयहरू
२	विद्यालय २	यहि, भाईबहिनीहरुलाई, विशेषताहरु, शिक्षकहरु, विद्यार्थीहरु, क्रियाकलापहरु	यही, भाइबहिनीहरूलाई, विशेषताहरू, शिक्षकहरू, विद्यार्थीहरू, क्रियाकलापहरू
३	विद्यालय ३	विद्यार्थीहरु, आधारभुत, विरेन्द्रनगर, सोहि, तिन, अनुतिर्ण, विद्यार्थि, परिक्षा	विद्यार्थीहरू, आधारभूत, वीरेन्द्रनगर, सोही, तीन, अनुत्तीर्ण, विद्यार्थी, परीक्षा
४	विद्यालय ४	अभिभावकज्युहरु, सम्पुर्ण, भाइबहिनीहरु, आदरणिय, अभिभावक ज्यूहरु, यहि, रुपमा, कार्यहरु, यहाँहरु, रुपमा, गरि, सार्वङ्गिण, विद्यार्थीहरु, अवसरहरु, पुर्णकालिन, आवाशिय, सिमित, कागजातहरु, कक्षाहरु, केहि, नियमितरुपमा, यहाँहरु, विद्यार्थीहरु, पुर्व, नानीबाबुहरु	अभिभावकज्युहरू, सम्पूर्ण, भाइबहिनीहरू, आदरणीय, अभिभावकज्यूहरू, यही, रूपमा, कार्यहरू, यहाँहरू, गरी, सर्वाङ्गीण, विद्यार्थीहरू, अवसरहरू, पूर्णकालीन, आवासीय, सीमित, कागजातहरू, कक्षाहरू, केही, नियमितरूपमा, यहाँहरू, विद्यार्थीहरू, पूर्व, नानीबाबुहरू
५	विद्यालय ५	महानुभावहरु, पदाधिकारीहरु, प्रतिनिधिहरुलाई, प्रमाणपत्रहरुको, सबैलाइ, नानीबाबुहरु, बालबिकासदेखी, उत्तिर्ण, विद्यार्थीहरु	महानुभावहरू, पदाधिकारीहरू, प्रतिनिधिहरूलाई, प्रमाणपत्रहरूको, सबैलाई, नानीबाबुहरू, बालविकासदेखि, उत्तीर्ण, विद्यार्थीहरू
६	विद्यालय ६	अभिभावकज्यूहरु, विद्यार्थीहरु, रुपमा, अभिलेखिकरण, उत्तिर्ण, अभिभावकहरुले, सुचित, कागजातहरु, फोटोकपि भाइबहिनीहरु, अभिभावकहरु, कर्मचारीहरु, विद्यालयहरु, उहाँहरु	अभिभावकज्यूहरू, विद्यार्थीहरू, रूपमा, अभिलेखीकरण, उत्तीर्ण, अभिभावकहरूले, सूचित, कागजातहरू, फोटोकपी भाइबहिनीहरू, कर्मचारीहरू, विद्यालयहरू, उहाँहरू

माथिको तालिका नं. २ मा विद्यालयबाट प्रकाशित सूचनामा दीर्घसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा विद्यार्थीहरु, व्यक्तिहरु, उत्तिर्ण, पुरा, सम्बन्धि, कागजातहरु, विद्यार्थीहरुलाइ, विषयहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप विद्यार्थीहरू, व्यक्तिहरू, उत्तीर्ण, पूरा, सम्बन्धी, कागजातहरू, विद्यार्थीहरूलाई, विषयहरू हुन्छ। त्यसैगरी विद्यालय २ का सूचनामा यहि, भाईबहिनीहरुलाई, विशेषताहरु, शिक्षकहरु, विद्यार्थीहरु, क्रियाकलापहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप यही, भाइबहिनीहरूलाई, विशेषताहरू, शिक्षकहरू, विद्यार्थीहरू, क्रियाकलापहरू हुन्छ। विद्यालय ३ का सूचनामा विद्यार्थीहरु, आधारभुत, विरेन्द्रनगर, सोहि, तिन, अनुतिर्ण, विद्यार्थि, परिक्षा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप विद्यार्थीहरू, आधारभूत, वीरेन्द्रनगर, सोही, तीन, अनुत्तीर्ण, विद्यार्थी, परीक्षा हुन्छ। विद्यालय ४ बाट प्रकाशित चिठी तथा सूचनामा अभिभावकज्युहरु, सम्पुर्ण, भाइबहिनीहरु, आदरणिय, अभिभावक ज्यूहरु, यहि, रुपमा, कार्यहरु, यहाँहरु,

रुपमा, गरि, सार्वङ्गिण, विद्यार्थीहरु, अवसरहरु, पुर्णकालिन, आवाशिय, सिमित, कागजातहरु, कक्षाहरु, केहि, नियमितरुपमा, यहाँहरु, विद्यार्थीहरु, पुर्व, नानीबाबुहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप अभिभावकज्युहरू, सम्पूर्ण, भाइबहिनीहरू, आदरणीय, अभिभावकज्यूहरू, यही, रूपमा, कार्यहरू, यहाँहरू, गरी, सार्वङ्गीण, विद्यार्थीहरू, अवसरहरू, पुर्णकालीन, आवासीय, सीमित, कागजातहरू, कक्षाहरू, केही, नियमितरूपमा, यहाँहरू, विद्यार्थीहरू, पूर्व, नानीबाबुहरू हुन्छ। विद्यालय ५ का सूचनामा महानुभावहरु, पदाधिकारीहरु, प्रतिनिधिहरुलाई, प्रमाणपत्रहरुको, सबैलाइ, नानीबाबुहरु, बालबिकासदेखी, उत्तिर्ण, विद्यार्थीहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप महानुभावहरू, पदाधिकारीहरू, प्रतिनिधिहरूलाई, प्रमाणपत्रहरूको, सबैलाई, नानीबाबुहरू, बालविकासदेखि, उत्तीर्ण, विद्यार्थीहरू हुन्छ। विद्यालय ६ का सूचनामा अभिभावकज्यूहरु, विद्यार्थीहरु, रुपमा, अभिलेखिकरण, उत्तिर्ण, अभिभावकहरुले, सुचित, कागजातहरु, फोटोकपि जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप भाइबहिनीहरु, अभिभावकहरु, कर्मचारीहरु, विद्यालयहरु, उहाँहरु जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप अभिभावकज्यूहरू, विद्यार्थीहरू, रूपमा, अभिलेखीकरण, उत्तीर्ण, अभिभावकहरूले, सूचित, कागजातहरू, फोटोकपी भाइबहिनीहरू, कर्मचारीहरू, विद्यालयहरू, उहाँहरू हुन्छ।

तालिका ३: *श, ष र स सम्बन्धी नियम*

क्र.स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	तपशिल,	तपसिल
२	विद्यालय २	–	–
३	विद्यालय ३	तपशिल	तपसिल
४	विद्यालय ४	आवाशिय, स्टेशन	आवसीय, स्टेसन
५	विद्यालय ५	तपशील	तपसिल
६	विद्यालय ६	तपशिल, पेश	तपसिल, पेस

माथिको तालिका नं. ३ मा विद्यालयबाट प्रकाशित सूचनामा दीर्घसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा तपशिल जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप तपसिल हुन्छ। त्यसैगरी विद्यालय २ का सूचनामा श, ष र स सम्बन्धी कुनै पनि त्रुटि रहेका छैनन्। विद्यालय ३ का सूचनामा तपशिल शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप तपसिल हुन्छ। विद्यालय ४ का सूचनामा आवाशिय, स्टेशन जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप आवसीय, स्टेसन हुन्छ। विद्यालय ५ का सूचनामा तपशील जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप तपसिल हुन्छ। विद्यालय ६ का सूचनामा तपशिल, पेश जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप तपसिल, पेस हुन्छ।

तालिका ४: *ब र व सम्बन्धी त्रुटि*

क्र.स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	बिषय, तलव	विषय, तलब
२	विद्यालय २	विदा, बजे वाट	बिदा, बजेबाट
३	विद्यालय ३	विदा, सम्वन्धमा	बिदा, सम्बन्धमा
४	विद्यालय ४	विदा, सम्वन्धमा	बिदा, सम्बन्धमा
५	विद्यालय ५	बसन्त, बालबिकासदेखी, बैशाख	वसन्त, बालविकास, वैशाख
६	विद्यालय ६	विहानी, सम्वन्धमा, वुधबार, विहान	बिहानी, सम्बन्धमा, बुधबार, बिहान

माथिको तालिका नं. ४ मा विद्यालयबाट प्रकाशित सूचनामा दीर्घसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा बिषय, तलव जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप विषय, तलब हुन्छ। त्यसैगरी विद्यालय २ का सूचनामा विदा, बजे वाट जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप बिदा, बजेबाट हुन्छ। त्यसैगरी विद्यालय ३ का सूचनामा विदा, सम्वन्धमा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप बिदा, सम्बन्धमा हुन्छ। विद्यालय ४ का सूचनामा विदा, सम्वन्धमा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप बिदा, सम्बन्धमा हुन्छ। विद्यालय ५ का सूचनामा बसन्त, बालबिकासदेखी, बैशाख जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप वसन्त, बालविकास, वैशाख हुन्छ। विद्यालय ६ का सूचनामा विहानी, सम्वन्धमा, वुधबार, विहान जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप बिहानी, सम्बन्धमा, बुधबार, बिहान हुन्छ।

तालिका ५: *पञ्चम वर्णसम्बन्धी त्रुटि*

क्र.स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	संख्या	सङ्ख्या
२	विद्यालय २	–	–
३	विद्यालय ३	–	–
४	विद्यालय ४	संचालीत, संख्या, संचालन	सञ्चालित, सङ्ख्या, सञ्चालन
५	विद्यालय ५	संख्या, संघ, संकाय	सङ्ख्या, सङ्घ, सङ्काय
६	विद्यालय ६	सचांलित	सञ्चालित

माथिको तालिका नं. ५ मा विद्यालयबाट प्रकाशित सूचनामा पञ्चम वर्णसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा संख्या शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप सङ्ख्या हुन्छ। विद्यालय २ का र विद्यालय ३ का सूचनामा कुनै पनि त्रुटि रहेका छैनन्। विद्यालय ४ का सूचनामा संचालीत, संख्या, संचालन जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप सञ्चालित, सङ्ख्या, सञ्चालन हुन्छ। विद्यालय ५ का सूचनामा संख्या, संघ, संकाय जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप सङ्ख्या, सङ्घ, सङ्काय हुन्छ। विद्यालय ६ का सूचनामा सचांलित जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप सञ्चालित हुन्छ।

तालिका ६: *पदयोगसम्बन्धी त्रुटि*

क्र. स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	नतिजा सम्बन्धी, तपसिल अनुसार, गते सम्म, निर्णय अनुसार, गते देखि, इन्जिनियरिङ्ग तर्फ	नतिजासम्बन्धी, तपसिलअनुसार, गतेसम्म, निर्णयअनुसार, गतेदेखि, इन्जिनियरिङतर्फ
२	विद्यालय २	सूचना अनुसार, बजे वाट, सोही अनुसार, संस्कार सहित, ग्रुप देखि	सूचनाअनुसार, बजेबाट, सोहीअनुसार, संस्कारसहित, ग्रुपदेखि
३	विद्यालय ३	निर्णय अनुसार, प्याब्सन अन्तर्गत, भए बमोजिम, सो अनुसार, गते देखि, सोहि अनुसार, तपशिल बमोजिमका, समय मा	निर्णयअनुसार, प्याब्सनअन्तर्गत, भएबमोजिम, सोअनुसार, गतेदेखि, सोहीअनुसार, तपसिलबमोजिमका, समयमा
४	विद्यालय ४	अभिभावकज्युहरु प्रति, अभिभावक ज्यूहरु, क्यालेण्डर अनुसार, गते देखि, दिन सम्म, बहु–प्रतिष्ठित, पि.जी देखि, सुविधा सहित, कक्षा भन्दा, बिहीबार देखि, भए बमोजिम, बिहीबार का, दिन देखि, आ–आफ्नो	अभिभावकज्युहरूप्रति, अभिभावकज्यूहरू, क्यालेण्डरअनुसार, गतेदेखि, दिनसम्म, बहुप्रतिष्ठित, पी.जी.देखि, सुविधासहित, कक्षाभन्दा, बिहीबारदेखि, भएबमोजिम, बिहीबारका, दिनदेखि, आआफ्नो
५	विद्यालय ५	अनुदान बमोजिम, गते देखि, गते सम्म, बजे देखि, बन्दना सहित, सल्लहकार लगायत, स्वस्तिवाचन सहित, स–साना, आइदिनुहुन समेत, गते देखि, व्यहोरा समेत	अनुदानबमोजिम, गतेदेखि, गतेसम्म, बजेदेखि, बन्दनासहित, सल्लहकारलगायत, स्वस्तिवाचनसहित, ससाना, आइदिनुहुनसमेत, गतेदेखि, व्यहोरासमेत
६	विद्यालय ६	तपसिल बमोजिम, बजे देखि, बजे सम्म, मिति भित्र, व्यहोरा समेत, गर्न समेत, तपशिल बमोजिम, गते देखि, सोही अनुसार, नियमित तर्फ, बेहोरा समेत, गते सम्म, गते देखि, गते भित्र, हुन समेत, विद्यालयहरु तर्फ, चौलागाई सहित, सो भन्दा	तपसिलबमोजिम, बजेदेखि, बजेसम्म, मितिभित्र, बेहोरासमेत, गर्नसमेत, तपसिलबमोजिम, गतेदेखि, सोहीअनुसार, नियमिततर्फ, बेहोरासमेत, गतेसम्म, गतेदेखि, गतेभित्र, हुनसमेत, विद्यालयहरूतर्फ, चौलागाईसहित, सोभन्दा

माथिको तालिका नं. ६ मा विद्यालयबाट प्रकाशित सूचनामा पदयोगसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ। यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा नतिजा सम्बन्धी, तपसिल अनुसार, गते सम्म, निर्णय अनुसार, गते देखि, इन्जिनियरिङ्ग तर्फ जस्ता शब्दमा त्रुटि रहको पाइन्छ। त्यसको शुद्ध रूप नतिजासम्बन्धी, तपसिलअनुसार, गतेसम्म, निर्णयअनुसार, गतेदेखि, इन्जिनियरिङ्गतर्फ हुन्छ। त्यसैगरी विद्यालय २ का सूचनामा सूचना अनुसार, बजे वाट, सोही अनुसार, संस्कार सहित, ग्रुप देखि

जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप सूचनाअनुसार, बजेबाट, सोहीअनुसार, संस्कारसहित, ग्रुपदेखि हुन्छ । त्यस्तै विद्यालय ३ का सूचनामा निर्णय अनुसार, प्याब्सन अन्तर्गत, भए बमोजिम, सो अनुसार, गते देखि, सोहि अनुसार, तपशिल बमोजिमका, समय मा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप निर्णयअनुसार, प्याब्सनअन्तर्गत, भएबमोजिम, सोअनुसार, गतेदेखि, सोहीअनुसार, तपसिलबमोजिमका, समयमा हुन्छ । विद्यालय ४ का सूचनामा अभिभावकज्युहरु प्रति, अभिभावक ज्यूहरु, क्यालेण्डर अनुसार, गते देखि, दिन सम्म, बहु–प्रतिष्ठित, पि.जी देखि, सुविधा सहित, कक्षा भन्दा, बिहीबार देखि, भए बमोजिम, बिहीबार का, दिन देखि, आ–आफ्नो जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप अभिभावकज्यूहरूप्रति, अभिभावकज्यूहरू, क्यालेण्डरअनुसार, गतेदेखि, दिनसम्म, बहुप्रतिष्ठित, पि.जी.देखि, सुविधासहित, कक्षाभन्दा, बिहीबारदेखि, भएबमोजिम, बिहीबारका, दिनदेखि, आआफ्नो हुन्छ । विद्यालय ५, सुर्खेतका सूचनामा अनुदान बमोजिम, गते देखि, गते सम्म, बजे देखि, बन्दना सहित, सल्लहकार लगायत, स्वस्तिवाचन सहित, स–साना, आइदिनुहुन समेत, गते देखि, व्यहोरा समेत जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप अनुदानबमोजिम, गतेदेखि, गतेसम्म, बजेदेखि, बन्दनासहित, सल्लहकारलगायत, स्वस्तिवाचनसहित, ससाना, आइदिनुहुनसमेत, गतेदेखि, व्यहोरासमेत हुन्छ । विद्यालय ६ का सूचनामा तपसिल बमोजिम, बजे देखि, बजे सम्म, मिति भित्र, व्यहोरा समेत, गर्न समेत, तपशिल बमोजिम, गते देखि, सोही अनुसार, नियमित तर्फ, बेहोरा समेत, गते सम्म, गते देखि, गते भित्र, हुन समेत, विद्यालयहरु तर्फ, चौलागाई सहित, सो भन्दा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप तपसिलबमोजिम, बजेदेखि, बजेसम्म, मितिभित्र, बेहोरासमेत, गर्नसमेत, तपसिलबमोजिम, गतेदेखि, सोहीअनुसार, नियमिततर्फ, बेहोरासमेत, गतेसम्म, गतेदेखि, गतेभित्र, हुनसमेत, विद्यालयहरूतर्फ, चौलागाईसहित, सोभन्दा हुन्छ ।

तालिका ७: *पदवियोगसम्बन्धी त्रुटि*

क्र.स.	विद्यालयको नाम	अशुद्ध शब्द	शुद्ध रूप
१	विद्यालय १	नामदर्ता	नाम दर्ता
२	विद्यालय २	–	–
३	विद्यालय ३	वातावरणमार्ग	वातावरण मार्ग
४	विद्यालय ४	शैक्षिकसत्र	शैक्षिक सत्र
५	विद्यालय ५	सरस्वतीपूजा	सरस्वती पूजा
६	विद्यालय ६	पर्नेछ, हुनेछैन, हुनेछ, सकिनेछ	पर्ने छ, हुने छैन, हुने छ, सकिने छ

माथिको तालिका नं. ७ मा विद्यालयबाट प्रकाशित सूचनामा पदवियोगसम्बन्धी त्रुटिको विवरण प्रस्तुत गरिएको छ । यसको नमुना छनोटमा परेका विद्यालयमध्ये अध्ययनमा विद्यालय १ का सूचनामा नामदर्ता जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप नाम दर्ता हुन्छ । विद्यालय २ – का सूचनामा विद्यालय ३ का सूचनामा वातावरणमार्ग जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप वातावरण मार्ग हुन्छ । विद्यालय ४ का सूचनामा शैक्षिकसत्र जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप शैक्षिक सत्र हुन्छ । विद्यालय ५ का सूचनामा सरस्वतीपूजा जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप सरस्वती पूजा हुन्छ । विद्यालय ६ का सूचनामा पर्नेछ, हुनेछैन, हुनेछ, सकिनेछ जस्ता शब्दमा त्रुटि रहको पाइन्छ । त्यसको शुद्ध रूप पर्ने छ, हुने छैन, हुने छ, सकिने छ हुन्छ ।

प्रस्तुत अध्ययन पश्चात् सूचना तयार गर्ने व्यक्तिलाई वर्णविन्यास सम्बन्धी ज्ञानमा कमी, नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगर्ने, वर्णविन्यासको नियमलाई व्यवास्ता गर्नु, वर्णविन्यास नियम सम्बन्धी पछिल्ला नीति नियमको अध्ययन नगर्नु जस्ता कमजोरीका कारण सूचनामा भाषिक त्रुटि हुने गरेको पाइन्छ । यसरी सूचनामा भाषिक त्रुटि हुने मुख्य कारणमा हतार हतारमा सूचना प्रकाशन गर्नु, भाषा सम्पादन नै नगरी सामग्री प्रकाशन गर्नु रहेका छन् । प्रत्येक विद्यालयमा वर्णविन्यास नेपाली भाषाका शिक्षक भए तापनि उक्त जनशक्तिको उपयोग गर्न नसक्नुले पनि भाषिक त्रुटि हुने गरेको पाइन्छ ।

समग्र सूचनामा भएका वर्णविन्यासगत त्रुटि

यस अध्ययनमा वीरेन्द्रनगरका विद्यालयबाट प्रकाशित चिठी तथा सूचनामा भएका वर्णविन्यासगत त्रुटिलाई समग्रमा विश्लेषण गरिएको छ । यस अध्ययनमा चिठी तथा सूचनामा भएका समग्र त्रुटिलाई १०० प्रतिशत मानी त्यसको व्याख्या विश्लेषण गरिएको छ । उक्त समग्र त्रुटिलाई केही सङ्क्षेपीकरण गरी प्रस्तुत गरिएको छ :

तालिका ८: *समग्र त्रुटि विवरण*

क्र.स.	सूचनामा भएका त्रुटि क्षेत्र	ह्रस्वसम्बन्धी त्रुटि	दीर्घसम्बन्धी त्रुटि	ब र व	श,ष,स को प्रयोग	शिरबिन्दु र चन्द्रबिन्दु	पञ्चम वर्ण	पदयोग	पदवियोग	जम्मा त्रुटि

1	विद्यालय १	2	12	3	1	1	4	11	0	34
2	विद्यालय २	6	8	3	0	0	0	9	0	26
३	विद्यालय ३	4	14	5	0	0	0	10	1	34
४	विद्यालय ४	1	25	3	1	1	4	3	17	55
५	विद्यालय ५	6	14	4	0	1	7	9	3	44
६	विद्यालय ६	11	32	3	3	0	2	23	4	78
जम्मा त्रुटि सङ्ख्या		30	105	21	5	3	17	65	25	271
प्रतिशत		11=11	38=75	7=78	1=82	1=11	6=27	23=98	9=22	100

माथिको तालिकामा ह्रस्वसम्बन्धी प्रयोगमा ३० अर्थात ११.११ प्रतिशत रहेको छ भने दीर्घसम्बन्धी त्रुटि १०५ वटा अर्थात समग्र त्रुटिको ३८.७५ प्रतिशत रहेको छ। ब र व सम्बन्धी त्रुटि भने २१ वटा अर्थात समग्र त्रुटिको ७.७८ प्रतिशत रहेको पाइन्छ। श, ष, स सम्बन्धी त्रुटि भने ५ वटा अर्थात समग्र त्रुटिको १.८२ प्रतिशत रहेको छ। पञ्चम वर्णको प्रयोग सम्बन्धी १७ वटा अर्थात समग्र त्रुटि ६.२७ प्रतिशत शब्दमा त्रुटि रहेका छन्। पदयोग सम्बन्धी ६५ वटा अर्थात समग्र त्रुटिको २३.९८ प्रतिशत शब्दमा त्रुटि रहेका छन्। पदवियोग सम्बन्धी २५ वटा अर्थात समग्र त्रुटिको ९.२२ प्रतिशत शब्दमा त्रुटि रहेका छन्। यसरी समग्र शब्दलाई आधार मान्दा यस अध्ययनमा जम्मा त्रुटि भएका शब्द २७१ रहेका छन्।

सूचनामा रहेका समग्र वर्णविन्यासगत त्रुटिलाई अझ प्रष्ट हुनका लागि तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

चित्र १: *समग्र त्रुटि*



माथिको चित्रमा प्रतिवेदनमा रहेका वर्णविन्यासगत त्रुटिलाई समग्रमा प्रस्तुत गरिएको छ। नमुना छनोटमा परेका प्रतिवेदनको अध्ययन गर्दा दीर्घसम्बन्धी प्रयोगमा सबैभन्दा बढी ३८.७५ प्रतिशत त्रुटि रहेको छ। भने त्यसपछि पदयोगमा सबैभन्दा धेरै २३.९८ प्रतिशत शब्दमा त्रुटि रहेको छ। त्यस्तै सबैभन्दा कम श, ष र स वर्णको प्रयोग सम्बन्धी त्रुटि १.८२ तथा शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोगमा १.११ प्रतिशत शब्दमा रहेको छ।

सूचनाको भाषिक त्रुटि हुनुका कारण

प्रस्तुत अध्ययनमा भाषिक त्रुटि हुने कारणका सम्बन्धमा वीरेन्द्रनगरका विद्यालय तथा विश्वविद्यालयमा अध्यापन गर्नुहुने तीन जना शिक्षकसँग अन्तर्वार्ता लिइएको छ। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"हतारमा सूचना प्रकाशित गर्ने, नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्नु, मानक नेपाली भाषाको प्रयोगमा एकरूपता नल्याउनु, नेपाली भाषाको वर्णविन्याससम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु जस्ता समस्या रहेका छन्" (शिक्षक १)।

"सूचना तयार गर्ने व्यक्तिहरूले वर्णविन्यासको नियममा ख्याल नगर्नु, नेपाली भाषा सम्पादन नगरी लिखित सामग्री प्रकाशन गर्नु, सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग नगरेर प्रकाशन गर्नु तथा नेपाली भाषाको वर्णविन्यासगत एकरूपता नल्याउनु जस्ता कारणले भाषिक त्रुटि हुने गर्दछन्" (शिक्षक २)।

"नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु, वर्णविन्यास नियमसम्बन्धी अध्ययन नगर्नु, सूचना तयार पार्ने व्यक्तिलाई भाषासम्बन्धी तालिमको व्यवस्था नहुनु तथा शब्दकोश तथा प्रकाशन शैलीको प्रयोग नगरी सामाग्री प्रकाशन गर्ने बानीको विकास हुनु जस्ता भाषिक त्रुटिका समस्या रहेका छन्" (शिक्षक ३)।

यसरी उल्लेखित शिक्षक, कर्मचारी तथा उपप्राध्यापकको प्रतिक्रियाअनुसार सूचनामा भएका भाषिक त्रुटि हुने विभिन्न कारण रहेको पाइन्छ । समग्र कारणलाई आधार मान्दा असावधानी तथा बेवास्ता गर्नु, सूचना प्रकाशन हुनुभन्दा पूर्व भाषा सम्पादन गरेर मात्र प्रयोगमा ल्याउनुपर्नेमा त्यो कार्य नगरिएको तथा मानक नेपाली भाषाको प्रयोगमा एकरूपता नल्याउनु जस्ता कारण रहेका छन् । त्यस्तै अन्य कारणहरूमा नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगर्नु, नेपाली भाषा सम्पादन नगरी हतार हतारमा लिखित सामग्री प्रकाशन गर्नु, नेपाली भाषामा प्रकाशित सामग्री तथा वर्णविन्यास नियम सम्बन्धी अध्ययन नगर्नु, सूचना तयार गर्ने व्यक्तिलाई विभिन्न समयमा नेपाली भाषा सम्बन्धी तालिमको अभाव हुनु, सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास नहुनु र नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार नबनाइनु रहेका छन् ।

यसरी समग्र अध्ययनलाई हेर्दा सूचना तथा चिठी तयार पार्ने व्यक्ति तथा संलग्न कर्मचारीले भाषिक ज्ञान लिनु आवश्यक देखिन्छ । नेपाली विषयका शिक्षक भए तापनि भाषा सम्पादन नगर्नु, भाषिक ज्ञानमा कमजोरी हुनु, आफ्नो पढाइको विषय नेपाली नहुनु, काम छिटै सक्नुपर्ने मानसिकता बनाउनु वा सक्नु, वर्णविन्यासगत नियमलाई ख्याल नगर्नु, भइहाल्छ नि भन्ने मानसिकताबाट सामग्री निर्माण गर्नुका कारण भाषिक त्रुटि हुने गर्दछ । यस्ता त्रुटि हुने क्षेत्रको ख्याल गरी पाठ्य सामग्री निर्माण गर्दा सामग्री त्रुटि रहित बनाउन सकिन्छ । त्यसकारण सरोकारवाला पक्षले त्यस्ता कुरामा ध्यान दिन आवश्यक छ । भाषिक त्रुटि निराकरणका लागि सरोकारवाला सबै विज्ञहरू बिच छलफलमा ल्याएर निश्चित निर्णयमा पुग्न नसक्नु, मानक वर्णविन्यास तथा लेखनमा एकरूपता ल्याउन नसक्नु भाषालाई सरल, सहज बनाउने नाममा विवादित बनाउइनु, विज्ञ तथा सरोकारवाला पक्ष एकमत हुन आवश्यक रहेका छ । प्रज्ञा प्रतिष्ठानले गरेको निर्णयले दीर्घकालीन समस्या टुङ्ग्याउन नसक्न जस्ता कारणले भाषिक प्रयोगमा समस्या आएको छ ।

सूचनाको भाषिक त्रुटि निराकरणका उपायहरू

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका सूचनामा भाषिक त्रुटि हुने कारण विभिन्न रहेका छन् । ती समस्या समाधान गरी सूचनामा भाषिक त्रुटि निराकरणका उपायहरूको खोजी गरिएको छ । यसका लागि एक जना शिक्षक र दुईजना विश्वविद्यालयमा अध्यापनरत उपप्राध्यापकसँग अन्तर्वार्ता लिइएको छ । जसलाई निम्नानुसार लिइएको छ :

"हतारमा सूचना प्रकाशित नगर्ने, नेपाली भाषा सम्पादन नगरी सामग्री प्रकाशन गर्नु, मानक नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याउनुपर्ने, नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु गरिएकाले त्यसलाई ध्यान दिनुपर्दछ" (शिक्षक१)।

"सूचना तयार गर्ने व्यक्तिहरूले वर्णविन्यासको नियममा ख्याल गर्नुपर्ने, नेपाली भाषा सम्पादन गरी लिखित सामग्री प्रकाशन गर्नुपर्ने, सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास हुनुपर्ने तथा नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार बनाइनुपर्ने आदि उपाय अपनाउन सकिन्छ" (शिक्षक २)।

"नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु गरिएकाले त्यसलाई ध्यान दिनुपर्ने, नेपाली भाषामा प्रकाशित सामग्री तथा वर्णविन्यास नियम सम्बन्धी अध्ययन गर्नुपर्ने, सूचना तयार पार्ने व्यक्तिलाई विभिन्न समयमा नेपाली भाषा सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास हुनुपर्ने गर्नुपर्दछ" (शिक्षक ३)।

सूचनामा हुने भाषिक त्रुटि निराकरणका लागि भाषिक एकरूपता र सुधारका लागि तालिम, सेमिनार तथा प्रशिक्षण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नु आवश्यक रहेको छ । त्यस्तैगरी सूचना प्रकाशन गर्दा सावधानीपूर्वक प्रकाशन गरिनुपर्ने, सूचना प्रकाशन हुनुभन्दा पूर्व भाषा सम्पादन गरेर मात्र प्रयोगमा ल्याउनुपर्नेमा त्यो कार्य गर्नुपर्ने, नेपाली भाषाको वर्णविन्यास सम्बन्धी नियमको ख्याल नगरी व्यवास्ता गर्नु गरिएकाले त्यसलाई ध्यान दिनुपर्ने जस्ता कार्यमा ख्याल गर्नुपर्दछ । भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग हुनुपर्ने तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास हुनुपर्ने गरेमा भाषिक सुधार हुने देखिन्छ ।

विद्यालयस्तरमै लेखनमा वर्णविन्यास, लेख्यचिह्न, व्याकरण र शैलीगत त्रुटिहरू देखिन थाल्दा विद्यार्थीहरूमा शिक्षकले यसरी लेख्नुभएको छ भने मैले लेख्दा के फरक पर्छ ? भन्ने सोच विकसित हुने सम्भावना उच्च हुन्छ । यस्तो सोचले उनीहरूको भाषिक चेतना कमजोर बनाउँछ र दीर्घकालीन रूपमा गलत अभ्यासको शृङ्खला स्थापित गराउँछ । यदि भाषा सिकाइको प्रारम्भिक चरणमै अशुद्ध अभ्यास भइरहेको छ भने त्यसले भविष्यमा सम्प्रेषणीय क्षमतामा नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले विद्यालय तहमै शुद्ध भाषिक अभ्यासको सुदृढ वातावरण निर्माण गर्नु अत्यावश्यक छ । यस उद्देश्यका लागि प्रज्ञा नेपाली शब्दकोश, शैली पुस्तिका तथा अन्य मान्य भाषिक स्रोतहरूको अनिवार्य प्रयोग गरी शिक्षकहरू स्वयम् भाषिक रूपमा सचेत, जिम्मेवार र अनुकरणीय बन्नुपर्ने आवश्यकता छ । त्यसैगरी

भाषिक त्रुटि निराकरणका लागि सरोकारवाला सबै विज्ञहरू बिच छलफलमा ल्याएर निश्चित निर्णयमा पुग्नुपर्ने, मानक वर्णविन्यास तथा लेखनमा एकरूपता ल्याउन पहल गर्नुपर्ने, भाषालाई सरल, सहज बनाउने नाममा विवादित बनाउन नहुने, विज्ञ तथा सरोकारवाला पक्ष एकमत हुन आवश्यक रहेका छ । प्रज्ञा प्रतिष्ठानले गरेको निर्णयले दीर्घकालीन समस्या टुङ्ग्याउन सकेमा भाषिक त्रुटि निराकरण हुँदै जाने देखिन्छ ।

प्राप्ति र छलफल

प्रस्तुत लेखमा वीरेन्द्रनगरका विद्यालयबाट प्रकाशित सूचनामा हुने वर्णविन्यासगत त्रुटिको अध्ययन गरिएको छ । यस अध्ययनमा विद्यालयबाट प्रकाशित सूचनामा भएका वर्णविन्यासगत त्रुटिलाई ह्रस्वदीर्घसम्बन्धी त्रुटि, ब र व सम्बन्धी त्रुटि, श, ष र स सम्बन्धी त्रुटि, पञ्चम वर्णसम्बन्धी त्रुटि र पदयोग तथा पदवियोगसम्बन्धी त्रुटिका आधारमा अध्ययन गरिएको छ । यसका साथै विद्यालयबाट प्रकाशित सूचनामा भएका भाषिक त्रुटि हुने कारणको खोजी गरी निराकरणका उपाय प्रस्तुत गर्नु गरिएको छ । यस अध्ययनमा खुला प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई पूर्वअध्ययनका निष्कर्षका आधारमा छलफल तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययन सूचनामा प्रयुक्त वर्णविन्यासगत त्रुटिमा केन्द्रित रहेका छ । यसमा सबैभन्दा धेरै त्रुटि दीर्घसम्बन्धी रहेको छ, समग्र त्रुटिको ३८.७५ हुन्छ । त्यसैगरी क्रमशः पदयोग, ब र व सम्बन्धी त्रुटि रहेका छन् । यस्ता त्रुटि हुनमा सूचना तयार पार्ने व्यक्तिलाई वर्णविन्याससम्बन्धी ज्ञानको कमी, सूचनालाई परिस्कार एवम् परिमार्जन नगर्नु, विद्यालयमा नेपाली विषय शिक्षक भए तापनि भाषिक सम्पादन नगर्नु जस्ता कारण रहेका छन् । वासुदेव विष्ट द्वारा लिखित 'सरकारी निकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटि र त्यसको शैक्षणिक उपादेयता' शीर्षकको लेखमा वर्णविन्यासगत, वाक्यसंरचनात्मक तथा कारकसम्बन्धी विविध भाषिक त्रुटिहरू उल्लेखनीय रूपमा देखिन्छन् । सरकारी निकायद्वारा प्रकाशित सूचनाहरू नेपाली भाषाको शुद्धता र मानक प्रयोगका दृष्टिले उदाहरणीय हुनुपर्ने हो, तर व्यावहारिक रूपमा त्यसो हुन सकेको देखिँदैन । यसबाट शैक्षिक गतिविधिमा भाषिक त्रुटिहरूको सामान्यीकरण हुँदै जाने र गलत सिकाइ प्रवृत्तिको विकास हुने खतरा रहन्छ । शुद्ध र मानक नेपाली भाषाको सुनिश्चितताका लागि सार्वजनिक सूचनाको प्रकाशनसँगै शब्दकोश, व्याकरण तथा शैलीसम्बन्धी मार्गदर्शकहरूको प्रयोग अपरिहार्य छ । भाषिक एकरूपता र सुधारका लागि तालिम, सेमिनार तथा प्रशिक्षण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नु आवश्यक रहेको निष्कर्ष लेखमार्फत प्रस्तुत गरिएको छ । शुद्ध र मानक नेपाली भाषाको प्रयोगका लागि सूचनाको व्यवहारिक कार्यसम्पादनसँगै शब्दकोश, व्याकरण र शैली पुस्तिकाको प्रयोग गर्नुपर्ने र तालिम, सेमिनार, प्रशिक्षणको अभियान नै सञ्चालन गरी भाषिक एकरूपता कायम गर्नु आवश्यक रहेको (विष्ट, सन् २०२४) निष्कर्ष प्रस्तुत गरिएको छ । भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारबाला निकाय सचेत र सजग हुनुपर्ने, प्रतिवेदन तथा सूचनाको भाषिक सम्पादन गरेर मात्र प्रकाशन गर्नुपर्ने, प्रतिवेदन तथा सूचना प्रकाशन गर्ने व्यक्तिले भाषिक द्विविधा भएका शब्दमा शब्दकोशको प्रयोग गरेर मात्र सामग्र प्रकाशन गर्ने बानीको विकास गर्नुपर्ने (शाह र भट्टराई, २०८२) निष्कर्ष निकालिएको छ ।

विद्यार्थीहरूले मौखिक उच्चारण र लिखित विन्यासमा भिन्नता हुने ठाउँमा बढी गल्ती गरेको (नेपाल, २०७८) पाइन्छ । वर्णविन्यासगत त्रुटिका कारण भाषा सिकाइलाई सरल, सहज, व्यवहारिक र वैज्ञानिक बनाउन नखोज्नु तथा शुद्ध लेखन प्रारम्भिक तहदेखि प्रेरणा र पुनर्बल प्रदान नगरिनु (अर्याल, सन् २०२४) रहेका छन् । यसभित्र वर्णहरूको संरचनात्मक ढाँचा, वर्णहरूको एकल र संयुक्त प्रयोग, स्वर वर्णको बाहरखरी, लेख्यचिन्ह, हलन्त र अजन्त, पदयोग र पदवियोगको समुचित प्रयोग (ढकाल, २०७४ पृ. १७६) पनि समेटिन्छ । यसका लागि सबैभन्दा पहिले नेपाल सरकारका विभिन्न मन्त्रालयका साइनबोर्डहरूमा, सरकारी निकायका होडिङबोर्डहरूमा, सूचनापाटीहरू र सार्वजनिक स्थलमा राखिएका विज्ञापनहरूमा प्रयोग भएको नेपाली भाषाको शुद्धीकरण अभियान सञ्चालन (नेपाल, २०७८) गर्नुपर्छ । अवधी मातृभाषी विद्यार्थीलाई नेपाली उच्चारण र लेखाइमा निकै कठिनाइ भएको, शब्दभण्डार, शब्दोच्चारणका तरिका र लय भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको (पन्थ, सन् २०२३) निष्कर्ष निकालिएको छ । 'नेपाली गुरुहरूकै भाषा त्रुटिपूर्ण छ भने हाम्रो भाषा कसरी त्रुटिरहित हुन सक्छ र ? (ढकाल, २०८२) । जुन भाषामा व्याकरण र शब्दकोशको प्रशस्त उपयोग गरिन्छ, त्यस भाषामा मानक रूपको प्रयोग बढी हुन्छ । त्यसैले भाषाको प्रयोगलाई परिष्कार, परिमार्जन र कुरूपता कायम गर्न व्याकरण र शब्दकोशको योगदान महत्त्वपूर्ण हुन्छ । विद्यालय तह भाषिक शिक्षा र अभ्यासको आधारशिला हो । विद्यालयका प्रश्नपत्र, पाठ्यपुस्तक, अभ्यासपुस्तिका, मूल्याङ्कन फारम, शिक्षकद्वारा तयार गरिएका शिक्षण सामग्री तथा कक्षागत अभिव्यक्तिमा समेत भाषिक अशुद्धता पाइन्छ । यसले गर्दा विद्यार्थीमा भाषा सिकाइप्रति भ्रम र बेवास्ता जन्माउँछ । मानक प्रयोगलाई कुनै व्यक्ति प्रयोक्ताले आफ्ना लेखनमा उपेक्षा गर्न पनि सक्ला तर शैक्षिक संस्था, सरकारी सञ्चार माध्यमहरू, सरकारी निकायहरू तथा यसका प्रयोक्ताहरूले पालना गर्नै पर्दछ । हाम्रा आधिकारिक निकाय भनेका नेपाल प्रज्ञा–प्रतिष्ठान, विश्वविद्यालय र पाठ्यक्रम विकास केन्द्रहरू नै हुन् । यिनले प्रयोगमा ल्याएको मानक रूप नै आधिकारिक रूप (पौडेल, २०७६) हो ।

नेपाली मात्र होइन अन्य विषयका शिक्षक, विद्यालयका प्रधानाध्यापक र सूचना प्रकाशनको जिम्मेवारी प्राप्त गरेका कर्मचारीले पनि भाषिक शुद्धताको महत्त्व बुझ्नुपर्छ । विद्यालयमा देखिने भाषिक त्रुटि हटाउन भाषा विज्ञद्वारा नियमित तालिम र कार्यशालाको आयोजना

गरिनुपर्छ । शिक्षणपूर्व वा सेवा अवधिमा हुने शिक्षक तालिममा भाषा शुद्धता, लेखनशैली र मानक प्रयोग अनिवार्य रूपमा समावेश गर्न जरुरी छ । विद्यालय शिक्षा भाषिक शुद्धताको पहिलो आधार हो भन्ने बुझाइ सबै तहमा स्थापित गरिनु अत्यावश्यक छ । विशेषतः नेपाली विषयका शिक्षकहरू भाषिक अनुकरणको नमुना हुन् भन्ने बुझाइका साथ शुद्ध प्रयोगको अभ्यास गर्ने वातावरण निर्माण गरिनुपर्छ ।

निष्कर्ष

विद्यालयहरूबाटै जब लेखनमा वर्णविन्यास, लेख्यचिह्न, व्याकरण र शैलीगत त्रुटिहरू देखिन्छन्, तब विद्यार्थीले "शिक्षकले यसरी लेख्नुभएको छ भने मैले लेख्दा के फरक पर्छ ?" भन्ने सोच राख्ने सम्भावना उच्च हुन्छ । यसले उनीहरूको भाषा चेतना कमजोर बनाउँछ र दीर्घकालीन रूपमा गलत अभ्यासको श्रृङ्खला बनाइदिन्छ । यदि भाषा सिकाइको प्रारम्भिक चरणमै अशुद्ध अभ्यास गरियो भने त्यसले भविष्यमा पनि सम्प्रेषणीय क्षमतामा नकारात्मक असर पार्छ । यसकारण विद्यालय तहमा शुद्ध भाषिक अभ्यासको वातावरण निर्माण गर्नु अत्यावश्यक छ । यसका लागि प्रज्ञा नेपाली शब्दकोश, शैली पुस्तिका तथा अन्य भाषिक स्रोतको अनिवार्य प्रयोग गरी शिक्षकहरू स्वयम् सचेत र जिम्मेवार बन्नुपर्ने आवश्यकता छ । तथ्याङ्कको व्याख्या एवम् विश्लेषण पश्चात भाषिक त्रुटिको महत्त्व बुझेर सम्बन्धित पक्ष वा सरोकारवाला निकाय सचेत र सजग नभएको देखिन्छ । प्रतिवेदन तथा सूचनाको भाषिक सम्पादन गरेर मात्र प्रकाशन गर्नुपर्नेमा उक्त कार्य नगरेरै प्रकाशन गरेको देखिन्छ । त्यसैगरी प्रतिवेदन तथा सूचना तयार गर्ने व्यक्तिले शब्दकोशको प्रयोग गरेर मात्र सामाग्री प्रकाशन गर्ने बानीको विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ । साथै प्रतिवेदन तथा सूचना लेखनका कार्यमा भाषासम्पादकलाई संलग्न गराउनुपर्ने, कम्प्युटर तथा लेख्य सामग्री निर्माण गर्ने कर्मचारीलाई समय समयमा नेपाली भाषा सम्बन्धी तालिम तथा जानकारीमूलक कार्यक्रम आयोजना गर्नुपर्ने, नेपाली भाषाको वर्णविन्यासगत एकरूपताको आधार बनाइनुपर्ने, परम्परागत नेपाली वर्णविन्यासगत व्यवस्था सम्बन्धी थप शोधखोज गरी समसामयिक सुधार तथा आधुनिकीकरण गरिनुपर्ने, सबै प्रशासनिक निकायमा मानक वर्णविन्यास लागु गर्ने अनिवार्य व्यवस्था लागु गर्नुपर्ने निष्कर्ष निकालिएको छ । भाषिक त्रुटि निराकरणका लागि सरोकारवाला सबै विज्ञहरू बिच छलफलमा ल्याएर निश्चित निर्णयमा पुग्न नसक्नु, मानक वर्णविन्यास तथा लेखनमा एकरूपता ल्याउन नसक्नु भाषालाई सरल, सहज बनाउने नाममा विवादित बनाउइनु, विज्ञ तथा सरोकारवाला पक्ष एकमत हुन आवश्यक रहेका छ । प्रज्ञा प्रतिष्ठानले गरेको निर्णयले दीर्घकालीन समस्या टुङ्ग्याउन नसक्नु जस्ता कारणले भाषिक प्रयोगमा समस्या आएको छ । यस्ता समस्या समाधान गर्दै भाषा प्रयोगमा सहजता ल्याउन सकेमा भाषिक प्रयोगमा शुद्धता ल्याउन सकिन्छ ।

लेखक परिचय

हरिजङ्ग शाह मध्यपश्चिम विश्वविद्याल, सुर्खेतको नेपाली केन्द्रीय विभागअन्तर्गत उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । उहाँ हालसम्म नेपाली केन्द्रीय विभागमा विभागीय प्रमुख, नेपाली शिक्षा विषय समितिको अध्यक्षलगायत विश्वविद्यालका विभिन्न समितिमा रहेर काम गरेको अनुभव छ । अध्ययन, अध्यापन, अनुसन्धान, पुस्तक लेखन उहाँहरूको रुचिको क्षेत्र रहँदै आएको छ भने उहाँले विभिन्न अनुसन्धानात्मक लेख रचना प्रकाशित गर्नुभएको छ । नेपाल खुला विश्वविद्यालबाट एमफिल सम्पन्न गरेका उपप्राध्यापक हरिजङ्ग शाह हाल उहाँ त्रिभुवन विश्वविद्याल विद्यावारिधि तहमा शोधरत हुनुहुन्छ ।

नवीन भट्टराई नेपाल पुलिस स्कुल सुर्खेतको मावि तहको नेपाली विषय शिक्षक पदमा कार्यरत हुनुहुन्छ । अध्ययन, अध्यापन लामो अनुभव भएका उहाँले एक विभिन्न अनुसन्धानात्मक लेख रचना प्रकाशित गर्नुभएको छ ।

शारदा पाण्डे नेपाल पुलिस स्कुल सुर्खेतको आधारभूत तह नेपाली विषय शिक्षक पदमा कार्यरत हुनुहुन्छ ।

सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०६७). प्रयोगात्मक नेपाली व्याकरण. विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भुवन (सन् २०२४). वर्णविन्यासगत त्रुटि, कारण र समाधान. *रेशुङ्गा जनरल*. ३(१). १-१४

आचार्य, शर्वराज (२०७४). *नेपाली वर्णविन्यासको मानकीकरणको इतिहास*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

खनाल, पेशल (२०८२). शैक्षिक अनुसन्धान पद्धति. सनलाइट पब्लिकेसन ।

ढकाल, मतिप्रसाद (२०७७). नेपाली गुरुहरूको भाषा शुद्ध हुनुपर्छ कि पर्दैन ? . साहित्यपोष्ट ।

ढकाल, शान्तिप्रसाद (२०७४). नेपाली भाषा शिक्षण : परिचय र प्रयोग. पिनाकल पब्लिकेसन ।

नेपाल, चतुर्भुज (२०७८). स्नातक तहका विद्यार्थीहरूका लिखित अभिव्यक्तिमा देखिने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन. Pragysn. 6(1). 125-135.

नेपाल, देवी (२०७८, असार). स्थानीय तहका लागि लयार पारिएको प्रशिक्षण सामग्री (नेपाली भाषा लेखन शुद्ध लेखन) नेपाल सरकार. स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
नेपाली भाषा सङ्गोष्ठी (२०६७). *प्रतिवेदन*, *कार्यपत्र* र *निर्णय सङ्ग्रह*. नेपाल प्रज्ञा प्रतिष्ठान ।
पन्थ, नारायणप्रसाद (सन् २०२३). अवधि मातृभाषी विद्यार्थीले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटि. *कलादर्पन*, वर्ष ३ (१). २५-३३. DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55188 .
पौडेल, माधवप्रसाद (२०७३). प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू (दोस्रो संस्क.). हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स प्रा.लि. ।
पौडेल, होमनाथ (२०७६). शुद्ध नेपाली लेख्ने आधिकारिक नियम. डिसी नेपाल ।
भण्डारी, पारसमणि र अन्य (२०७५). अनुसन्धान विधि. विद्यार्थी पुस्तक भण्डार ।
लुइँटेल, खगेन्द्रप्रसाद (२०७५). मानक नेपाली वर्णविन्यास. पैरवी प्रकाशन ।
लामिछाने, यादवप्रकाश (२०६९). भाषिक अनुसन्धान विधि. विद्यार्थी पुस्तक भण्डार ।
लामिछाने, यादवप्रकाश (२०६९). सामान्य र प्रायोगिक भाषाविज्ञान. विद्यार्थी पुस्तक भण्डार ।
विष्ट, वासुदेव (सन् २०२४) सरकारी निकायका सार्वजनिक सूचनामा प्रयुक्त भाषिक त्रुटि र त्यसको शैक्षणिक उपादेयता. KMC Journal, 6(2). 336-364 DOI: https://doi.org/10.3126/kmcj.v6i2.68918.
शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०७२). नेपाली भाषा र साहित्य शिक्षण (प्रथम संस्क.). विद्यार्थी पुस्तक भण्डार ।
शाह, हरिजङ्ग र भट्टराई, नवीन (२०८२) सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशबाट प्रकाशित प्रतिवेदनमा भएका भाषिक त्रुटि *Journal of Musikot Campus*, *3*(1), 248–263. https://doi.org/10.3126/jmc.v3i1.81229
शेर्पा, दावा (सन् २०२४). वर्णविन्यासगत समस्या र यसको समाधान. *Pragyaratna*. 6(1).140-145.